" स्वच्छ र सक्षम निजामती प्रशासनः समृद्धि र सुशासन "

मिति २०७७ भाद्र २२ गते १७ औ निजामती सेवा दिवसको अवसरमा यस धादिङ जिल्ला अदालतले कार्य सम्पादनको आधारमा कर्मचारीलाई पुरस्कृत गर्ने तथा कार्यालय हाता भित्र सरसफाई कार्यक्रम गरी निजामती सेवा दिवस मनाईएको छ। मा.जि.न्या. श्री देवेन्द्र पौडेल ज्यूको नेतृत्वमा सम्पन्न उक्त कार्यक्रममा उत्कृष्ठ कार्य सम्पादनको आधारमा यस अदालतको अभिलेख शाखामा कार्यरत कार्यालय सहयोगी श्री राजकुमार श्रेष्ठलाई प्रमाण-पत्र र नगद पुरस्कार सहित साम्मान गरियो । उत्कृष्ठ कर्मचारी छनोट तथा सिफारिस समितिमा मा.जि.न्या. श्री देवेन्द्र पौडेल, श्रेष्तेदार श्री दिनेश आचार्य र ना.सु. श्री गोपी कृष्ण कोईराला रहनु भएको थियो । पुरस्कार वितरण समारोहमा वोल्दै मा.जि.न्या. श्री देवेन्द्र पौडेल ज्यूले सम्पुर्ण कर्मचारीहरु ईमान्दारीता र निष्ठापुर्वक नागरिक सेवामा समर्पित हुनुपर्ने विषयमा जोड दिनु भएको थियो ।

१७ औ निजामती सेवा दिवसको अवसरमा निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियन धादिङ तथा कर्मचारी मिलन केन्द्र धादिङको संयुक्त आयोजनमा सम्पन्न कार्यालय सरसफाई प्रतियोगितामा यस अदालतले तृतीय स्थान हासिल गरेको छ ।

साथै सोही अवसरमा निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियन धादिङ तथा कर्मचारी मिलन केन्द्र धादिङको संयुक्त आयोजनमा सम्पन्न अनलाईन निवन्ध प्रतियोगितामा यस अदालतका डिठ्ठा श्री टेकप्रसाद कडुवालले द्वितीय स्थान हासिल गर्नुभएको छ ।

आजको यस कार्यक्रमको दैरानमा लिईएका केही प्रतिनिधिमुलक तस्विरहरुः






धादिङ जिल्ला अदालत
धादिङबेंसी